**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०७ सितम्बर २०२५

समयः १८:५० - १६:०० बजे

**<u>मुख्य समाचार</u>**

- २०१६ को एसएससी भर्ती घोटाला पछि आज राज्य भरीका विभिन्न परीक्षा केन्द्रहरुमा एसएससी परीक्षा आयोजित गरिएको छ।
- जिटिएले आज लालकोठीमा एउटा बैठक डाकेर रम्फु अनि तारखोलाका ८८ बाढी पीडित घरहरुलाई घर निर्माण गर्ने राशिको पहिलो किस्ती भुक्तान गरेको छ।
- सरकारले जीएसटीमा व्यापक सुधारद्वारा सहकारी क्षेत्र सशक्त बन्निने, तथा सहकारी समितिहरुको आयमा वृद्धि हुने बताएको छ।
- आज पूर्ण चंद्र ग्रहण लाग्नेछ। यो ग्रहण देश भरिबाटै स्पष्ट रूपमा हेर्न सकिनेछ।

**<u>एसएससी-परीक्षा</u>**

पश्चिम बंगालमा २०१६ को एसएससी भर्ती घोटाला पछि कथित रुपमा पहिलो पल्ट आज स्वच्छ अनि पारदर्शी परीक्षा आयोजित गरियो। यस पल्ट राज्य सरकार अनि स्कूल सर्विस कमीशन (एसएससी)-ले परीक्षाको निष्पक्षता सुनिश्चित गर्नको लागि व्यापक तैयारी गरेको थियो। कुल तीन लाख १६ हजार ६१६ अभ्यर्थीहरु यस परीक्षामा सामेल भए।

*हिज मुख्य सचिव मनोज पंतले सबै जिलाधिकारिहरु अनि पुलिस प्रशासन सित सचिवालयमा समीक्षा बैठक गर्नुभयो। बैठकमा परीक्षा सुचारु ढंगमा गरौं स्पष्ट दिशा-निर्देश जारी गरियो। उहाले भन्नुभयो कि गाइडलाइनलाई कठोरतासित पालन गर्नुपर्नेछ अनि सड़क देखिउ लिएर परीक्षा केंद्र सम्म प्रशासन सतर्क रहनेछ। आयोगका चेयरमैन अनि स्कूल शिक्षा विभागका वरिष्ठ अधिकारी पनि बैठकमा उपस्थित थिए। प्रतेक जिल्लामा अतिरिक्त जिलाधिकारीलाई परीक्षा संचालनको जिम्मेवारी दिईएको थियो। परिवहन विभागलाई बसहरुको संख्या बढ़ाउने निर्देश दिईएको थियो अनि रेलवेसित लोकल ट्रेनहरुको पर्याप्त व्यवस्था गर्ने अनुरोध गरिएको थियो। परीक्षार्थिहरुको सुविधाको लागि एसएससी को तर्फबाट सबै क्षेत्रीय कार्यालयहरुमा बिहान आठ बजे देखि कंट्रोल रूम खोलिएको थियो।*

शिक्षा मंत्री ब्रात्य बसुले एक्स हैंडल मार्फत संदेश जारी गरेर सबै अभ्यर्थिहरुलाई शुभकामना दिनुभयो। सबै केन्द्रहरुमा मेटल डिटेक्टर द्वारा जांच गरियो। मोबाइल फोन, स्मार्ट वॉच, कैलकुलेटर, पारदर्शी नहुने पानीको बोतल वा पेन लिएर जाने अनुमति थिएन। बर्ष २०१६ मा ओएमआर शीटमा धांधलीको आरोप लागेको थियो यसैले यस पल्ट अभ्यर्थिहरुलाई ओएमआर को कार्बन कॉपी घर लिएर जाने अनुमति थियो। उत्तर कुंजी परीक्षाको केहि दिन पछि वेबसाइटमा जारी गरिनेछएजस द्वारा अभ्यर्थीहरुले आफ्नो कार्बन कॉपीसित तुलना गर्न सक्नेछन्। आगामी आइतबार १४ सितम्बरको दिन कक्षा ११ अनि १२ को लागि भर्ती परीक्षा हुनेछ जसमा 2 लाख ४६ हजार ५०० उम्मीदवार सामेल हुने छन् अनि यसको लागि ४७८ केंद्र बनाईएको छ। आयोगले भनेको छ कि २०१६ मा चयनित अधिकांश उम्मीदवारहरुले यस पल्ट पनि आवेदन गरेका छन्ए यसैले यस पल्ट परीक्षार्थिहरुको संख्या 2 लाख 50 हजार भन्दा अधिक रहेको छ।

**<u>एसएससी-जलपाइगड़ी</u>**

२०१६ को एसएससी भर्ती घोटाला पछि जलपाईगड़ी जिल्लाको १७ परीक्षा केंद्रहरुमा आज एसएससी परीक्षा आयोजित गरियो। पुलिस प्रशासनले परीक्षा केंद्रहरुमा कड़ा निगरानी राखेको थियो। जिला पुलिस अधीक्षक खंडबहाले उमेश गणपतले आज बिहान देखि विभिन्न परीक्षा केंद्रहरु अघि पुलिस व्यवस्थाको निगरानी गर्नुभइरहेको थियो। यस अवधि पत्रकारहरुसित कुराकानी गर्नुहुँदै जिला पुलिस अधीक्षकले जलपाईगुड़ी अनि मालबाजार समेत कुल १७ केंद्रहरुमा परीक्षा भएको बताउनुभयो। संबंधित विभागले दस्तावेजहरुको जांच गरिरहेको तथा विभिन्न क्षेत्रहरुमा पुलिसले सहायक बूथ बनाएको पुलिस अधिक्षकले बताउनुभयो। यसको साथै परीक्षार्थीलाई कुनै प्रकारको असुविधा नहोस् भनी ध्यान राखिएको पनि श्री गणपतले बताउनुभयो।

**जीटिए-बाढी पीडित**

जिटिएले आज  लालकोठीमा एउटा बैठक डाकेर रम्फु अनि तारखोलाका  ८८ बाढी पीडित घरहरुलाई घर निर्माण गर्ने राशिको पहिलो किस्ती भुक्तान गरेको छ। यस अवधि जीटीए मुख्य कार्यपाल अनित थापाले बाढ़ी पीड़ितलाई राहत राशी भुक्तान गर्नमा केही विलम्भ भएता पनि आफ्नो वचन पुरा गरेको बताउनुभएको छ। यसको साथै टिस्टाका पीडितहरूले एनएचपीसीबाट पुनः सर्वेक्षणको मांग गरेको कारण आज रम्फू अनि तार खोलाका पीडितहरुलाई मात्र राहत राशि प्रदान गरिएको पनि  श्री थापाले बताउनुभएको छ। उहाँले भन्नुभयो घर निर्माणको राशि  ३  लाखको रहनेछ अनि यो तीन किस्तीमा दिइनेछ। आज दिइएको पहिलो किश्तीको राहत राशी वर्ष २०२३ मा ४ अक्टोबरको दिन टिस्टा नदीमा आएको बाढीमा घर क्षतिग्रस्त भएकाहरुलाई प्रदान गरिएको हो। आपदा विभागका कार्यकारी निदेशक एम मोदकले राशि ब्याङ्क मार्फत भुक्तानी गरिएको जानकारी दिनुभएको छ। राशि प्राप्त गरे पछि परिवारले आफै घर निर्माण कार्य शुरू गर्नपर्नेछ। पहिलो किस्तिको रुपमा १ लाख रुपियाँको राशि दिइएको छ। पहिलो किश्तीको राशीको वितरण  कार्य समाप्त भए पछि विभागले कार्यको निरीक्षण गर्नेछ अनि सोही अनुरुप दोस्रो तथा तेस्रो किस्तीको भुक्तानी गरिनेछ।

**पी.एम  नारायण**

श्री नारायण गुरु जयन्तीको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले आज समाजमा उहाको प्रभाव अनि दृष्टिकोणलाई स्मरण गर्नुभयो। सोशियल सोडियामा पोस्टमा श्री मोदीले भन्नुभयो, समानता, सहानुभूति अनि वैश्विक बन्धुत्वको शिक्षा व्यापक रूपमा गुन्जयमान रहेको छ। प्रधानमन्त्रीले बताउनु भयो, नारायण गुरुले सामाजिक सुधार अनि पीढ़िहरूलाई प्रेरित गर्नको निम्ति शिक्षालाई जारी राख्ने आह्वान गर्नुभएको छ।

**जीएसटी - सहकारिता मंत्रालय**

सरकारले वस्तु अनि सेवाकर-जीएसटीमा व्यापक सुधारद्वारा सहकारी क्षेत्र सशक्त बन्निने, उत्पाद प्रतिस्पर्धी बन्ने,  उत्पादहरुको माँग बढ्ने अनि सहकारी समितिहरुको आय मा वृद्धि हुने बताएको छ। सहकारिता मंत्रालयले बताएको छ कि जीएसटी सुधारद्वारा ग्रामीण उद्यमिता अनि  खाद्य प्रसंस्करण क्षेत्रमा सहकारी समितिहरुलाई प्रोत्साहन प्राप्त हुने छ अनि लाखौं परीवारहरुका लागि आवश्यक वस्तुहरु सम्म सस्तो पहुंच सुनिश्चित हुनेछ। मंत्रालय अनुसार जीएसटी सुधारहरु द्वारा देशका 10 करोड़ भन्दा अधिक डेयरी किसानहरुलाई लाभ पुग्नेछ,  टिकाऊ कृषि प्रणालीहरुले प्रोत्साहन पाउनेछ अनि साना किसानहरुलाई लाभ पुग्नेछ। मंत्रालय अनुसार प्रधानमंत्री नरेंद्र मोदीको नेतृत्वमा अर्को पीढ़िको जीएसटी सुधारहरुको ठुला सहकारी ब्रांड सहित सम्पूर्ण डेयरी सहकारी क्षेत्रले प्रसंशा गरेको छ।

**गिद्धे पहाड़-मानवाधिकार**

भारतीय मानवाधिकार एशोसिएसनले आज खरसाङको गिद्धे पहाडस्थित डीआरसी सामूहिक भवनमा मतदाता सूची समीक्षा (एसआईआर) दस्तावेज विषयमाथि एउटा जानकारीमूलक कार्यक्रम आयोजना गर्यो। मुख्य अतिथिको रूपमा उपस्थित रहनु भएका भारतीय मानवाधिकार एशोसिएसनका राष्ट्रिय विधिक सचिव राहगीर फजलले  एशोसिएसनको उद्देश्य उत्पीडनमुक्त भारत बनाउनु  रहेको  तथा संविधानले दिएको मानिसको जन्मदेखि मृत्युसम्मको हक अनि अधिकार दिलाउन आफुहरु कार्यरत रहेको बताउनुभयो। उहाँले संविधानले हामीलाई नागरिकताको हक दिएको बताउनुभयो। श्री फजलले भन्नुभयो अधिकारको जानकारी दिने काम हाम्रो हो भने आफ्नो अधिकार खोज्ने कर्तव्य साधारण मानिसको हो। एसआईआरमा सूची गरिएको दस्तावेजमाथि विस्तारपूर्वक आजको कार्यक्रममा जानकारी दिइयो। कार्यक्रममा अप्पर सिरुवारी, तामाङ संस्था, समाज सेवा समिति अनि अग्रिम वेलफेयर सोसाइटीका सदस्यहरु उपस्थित थिए।

**शिक्षा रत्न पुरस्कार**

राज्यको राजधानी कोलकताको धोनो धन्नो रंगशालामा गत ४ सितम्बरमा सम्पन्न राज्य स्तरीय शिक्षक दिवस समारोहमा शिक्षक निर्मल सिंगरलाई शिक्षा रत्न पुरस्कारद्वारा सम्मानित गरिएको छ।  यसवर्ष  शिक्षा रत्न पुरस्कारद्वारा पुरस्कृत

हुने जीटीएका पहिलो शिक्षक निर्मल सिङ्गर हुन। यस समारोहमा थर्बु उच्च माविका सहशिक्षक सिंगरलाई शिक्षाको निम्ति उहाँले पुर्याउनुभएको योगदानको कदरस्वरुप पश्चिम बंगाल राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीको उपस्थितिमा राज्यका शिक्षामन्त्री बर्त्यबसुको बाहुलीबाट पुरस्कार प्रदान गरिएको हो। राज्य स्तीय सम्मानको निम्ति चयनीत भएपछि सिंगरले हर्ष प्रकट गर्नुहुदै शिक्षाको बढोत्तरीको निम्ति समर्पित हुन गर्वको कुरो रहेको बताउनु भएको छ।

## स्कूल स्थापना दिवस-दिलाराम

दिलाराम स्थित सन्त जेभियर्स उच्चत्तर माध्यमिक विद्यालयको ६१ औं स्थापना दिवस समारोह साथै भूतपूर्व शिक्षक शिक्षिकाहरु र भूतपूर्व विद्यार्थीहरुलाई लिएर सम्वर्ध्दना कार्यक्रम सम्पन्न भएको छ। यो स्थापना दिवस साथै सम्वर्ध्दना कार्यक्रममा स्वागत सम्भाषण विद्यालयका प्रधानाध्यापक अनिल शर्माले राख्नुभएको थियो।

## चंद्र ग्रहण

आज पूर्ण चंद्र ग्रहण लाग्नेछ। यो ग्रहण देश भरिबाटै स्पष्ट रूपमा हेर्न सकिनेछ। दिल्ली, मुंबई, कोलकाता अनि बेंगलुरु साथै एशिया, ऑस्ट्रेलिया, पूर्वी अफ्रीका अनि यूरोपको केहि भागहरुबाट पनि यसलाई पूर्ण रुपमा हेर्न सकिनेछ। चंद्रग्रहण आज राती 8 बजेर 58 मिनट देखि शुरू भएर भोलि बिहानीपख 2 बजेर 25 मिनटमा समाप्त हुनेछ। एक दुर्लभ खगोलीय घटना एक दशकमा सबैभन्दा लामो ग्रहणहरु मद्धे एक हुनेछ। यसको अवधि 82 मिनटको हुनेछ अनि चंद्र ग्रहण पाँच घण्टा भन्दा अधिक समय सम्म रहनेछ।

****** ० ******